कोसी प्रदेशमा ८९ प्रतिशत रोपाइँ सकियो

विनोद सुवेदी
विराटनगर, साउन १९

कोसी प्रदेशमा ८९ प्रतिशत रोपाइँ सकिएको छ। कृषि विकास निर्देशनालय विराटनगरको तथ्यांक अनुसार साउन १९ गतेसम्म प्रदेशभर ८९.०३ प्रतिशत धान रोपाइँ सम्पन्न भएको हो।

प्रदेशका उच्च पहाडी जिल्ला सोलुखुम्बुमा ९४.९६ प्रतिशत रोपाइँ सकिएको छ। ताप्लेजुङमा ७३.२९ र संखुवासभामा ७५ प्रतिशत रोपाइँ सकिएको छ। मध्यपहाडका आठ जिल्लामध्ये ओखलढुंगामा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सकिएको छ। यस्तै खोटाङमा ९६.८७, पाँचथरमा ८३, भोजपुर ८०, इलाममा ८७, उदयपुरमा ८५.८७, धनकुटामा ७३ र तेह्रथुममा ६६ प्रतिशत मात्रै रोपाइँ भएको छ। तराईका जिल्लामध्ये मोरङमा ९२, सुनसरीमा ९४ र झापामा ८९.४७ प्रतिशत रोपाइँ सकिएको छ।

गत वर्ष साउन १८ गते सम्ममा कोसी प्रदेशका ९५.०१ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो। गत वर्षको तुलनामा यो वर्ष ६ प्रतिशतले रोपाइँ कम भएको छ। कोसी प्रदेशमा दुई लाख ७६ हजार तीन सय ८६.७२ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेकोमा हालसम्म दुई लाख ४६ हजार ६५.४४ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ।

मध्यपहाडी र उच्च पहाडी क्षेत्रमा रोपाइँ गर्ने सिजन लगभग सकिइसकेको छ भने तराईका जिल्लाहरूमा विगत तीन दिनदेखिको वर्षाका कारण रोपाइँ हुन बाँकी ठाउँमा धमाधम रोपाइँ भइरहेको छ। पर्याप्त वर्षा नभएको र ढिलो गरी वर्षा भएका कारण यो वर्ष गत वर्षको तुलनामा धान उत्पादन सामान्य घट्न सक्ने देखिएको कृषि विज्ञहरूको अनुमान छ।

'नायमा नेपाल मोबिलिटी एक्स्पो २०२५' को तयारी पूरा

काठमाडौं, साउन १९ (नागरिक)- नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड मेनुफ्याक्चरर्स एसोसिएसनले आयोजना गर्न लागेको 'नायमा नेपाल मोबिलिटी एक्स्पो २०२५' को तयारी पूरा भएको छ। साउन २१ देखि २५ गतेसम्म काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनी स्थलमा आयोजना हुने यस एक्स्पोमा ५० भन्दा बढी ब्रान्डको सहभागिता रहने छ।

१५ दुई पांग्रे, १५ चार पांग्रे र पाँच व्यावसायिक नयाँ सवारी साधन सार्वजनिक गरिने यस प्रदर्शनी स्थलमा अपांगमैत्री संरचना, सुधारिएको ढल निकास व्यवस्था र सुरक्षा तथा आपतकालीन सेवाको समुचित व्यवस्था मिलाइँदै छ। प्रदर्शनी केन्द्र निर्माण कार्यमा व्यस्त मिडिया स्पेस सोलुसन्सका संस्थापक श्रीजल भट्टराई भन्छन्, 'यो पालिको एक्स्पोमा उपभोक्तालाई उत्कृष्ट सेवा प्रदान गर्न हामीले नेपालमै पहिलो पटक डबल प्लाईसहितको अन्तर्राष्ट्रिय सत्रको संरचना निर्माण गर्दैछौं।'

प्रदर्शनीको प्रवेश टिकट खल्ती बाई आईएमई एपमार्फत अग्रिम खरिद गर्न सकिन्छ।

यसका साथै सधैंभरि पार्किङ समस्याले सताउने प्रदर्शनी स्थलमा यस पटक भने पार्किङ व्यवस्थाका लागि नाइमाले पठाओसँगको सहकार्यमा भृकुटीमण्डम गन्तव्य हुने राईडहरूमा ३० प्रतिशतसम्म छुट व्यवस्था गरेको छ। नाइमाको आयोजनामा हुन लागेको यो एक्स्पो नेपालमा हालसम्मकै सबैभन्दा ठूलो र प्रभावकारी अटोमोबाइल प्रदर्शनी हुने अपेक्षा गरिएको छ।

बगैंचा रिसोर्ट एन्ड स्पामा ७० करोड लगानी

नागरिक संवाददाता
पोखरा, साउन १९

महँगो रकम खर्चिने पाहुनालाई लक्ष्य गरेर पोखरामा बगैंचा रिसोर्ट एन्ड स्पा सञ्चालन गरिएको छ। अंशुभरा समूहले पोखराको पर्यटकीय क्षेत्र लेकसाइडमा यो रिसोर्ट सञ्चालनमा ल्याएको हो।

अंशुभरा ग्रुपका प्रबन्ध निर्देशक तथा रिसोर्ट सञ्चालक सौगात थापाका अनुसार साढे चार रोपनी क्षेत्रफलभित्र रिसोर्ट बनेको छ। थापाले बगैंचा रिसोर्टलाई सहरभित्रको हरित विश्रामस्थलको रूपमा विकास गर्न खोजिएको बताए। 'रिसोर्ट निर्माणमा प्रयोग गरिएका हरेक सामग्री, संरचना र सेवाले पाहुनालाई प्रकृतिसँग निकट ल्याउनेछ,' उनले भने, 'प्रकृतिसँग सामिप्यता ल्याउने गरी रिसोर्ट सञ्चालन गरिएको हो। यहाँ बसेका पाहुनाले प्रकृतिसँग निकटता महसुस गर्न सक्नेछन्।'

बगैंचा विचार, विश्राम र पुनर्जागरणको समिश्रण भएको भनाइ उनको छ। अंशुभरा ग्रुपले हस्पिटालिटी, रियल स्टेट, व्यावसायिक मल, अटोमोबाइल र कृषि क्षेत्रमा लगानी गरेको छ। अहिले सञ्चालनमा आएको रिसोर्टमा करिब ७० करोड रूपैयाँ लगानी भएको उनले बताए। 'हामी पर्यटन क्षेत्रमा पहिलेदेखि नै प्रवेश गरेका थियौं। त्यसैको निरन्तरतास्वरूप नयाँ रिसोर्ट थपिएको हो,' उनले भने।

थापाका अनुसार बगैंचा रिसोर्ट एन्ड स्पामा बस्ने पाहुनाले प्रतिकोठाको प्रतिरात एक सय ५० देखि तीन सय ५० अमेरिकी डलरसम्म मूल्य तिर्नुपर्नेछ। रिसोर्टमा ३२ वटा कोठा छन्। स्ट्यान्डर्ड, एक्जिक्युटिभ, आर्बर सुइट, बगैंचा सुइट रहेको उनले बताए। ती सबै कोठाबाट हरियाली दृश्यको अनुभव लिन सकिन्छ। 'आन्तरिक वा बाह्य जसले महँगो रकम खर्चन सक्छन्, तिनै पर्यटकलाई लक्षित गरेर रिसोर्ट सञ्चालनमा ल्याएका हौं,' उनले भने, 'गुणस्तरीय पाहुना भित्र्याउन यस्ता पूर्वाधारले सघाउँछन्। पोखरालाई उत्कृष्ट गन्तव्य बनाउन पनि यस्ता पूर्वाधार आवश्यक छन्।'

रिसोर्टभित्र रहेको 'टारो पुलसाइड बार' र 'मरिच इन्डो-चाइनिज रेष्टुरेन्ट' तथा 'उमामी प्यान-एसियन रेष्टुरेन्ट' ले स्वादमा समेत बहुर्राष्ट्रिय विविधता ल्याउने उनले बताए। रिसोर्टमा प्रयोग गरिने खाद्य सामग्री रिसोर्टकै अर्गानिक फार्ममा उत्पादन गरिने पनि थापाले जानकारी दिए।

थापाका अनुसार बगैंचाको अर्को विशेषता भनेको यसको शून्य प्लास्टिक नीति हो। काठ, ढुंगा, हस्तकला र महिला उद्यमीको उत्पादनलाई यहाँ प्राथमिकता दिइएको छ। एकल महिलाद्वारा निर्मित सामग्री, राउटे समुदायले बनाएका परम्परागत भाँडाकुँडाको प्रयोगले रिसोर्टलाई सांस्कृतिक संरक्षणको जीवित थलो बनाएको पनि उनले बताए। रिसोर्टमा जलवायु सचेतना अनुरूप बर्सातको पानी संकलन, विद्युतीय सवारीसाधनको प्रयोग र स्थानीय जैविक विविधताको संरक्षण गरिएको पनि उनले बताए।

रिसोर्टको परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले उद्घाटन गरिन्। रिसोर्ट उद्घाटन गर्दै उनले दिगो पर्यटन, स्थानीय उत्पादनको प्रयोग र सामाजिक उत्तरदायित्वमा आधारित उद्यम देशको भविष्य निर्माणमा महत्त्वपूर्ण बन्ने बताइन। उनले पछिल्लो पुस्ताले व्यवसायमा देखाएको सक्रियता प्रशंसायोग्य भएको बताउँदै देशमै अवसर र सम्भावनाको खोज गर्न आग्रह पनि गरिन्।

पोखरामा बुधबारदेखि सञ्चालनमा आएको बगैंचा रिसोर्ट एन्ड स्पा। *तस्बिर : नागरिक*

> रिसोर्टमा ३२ वटा कोठा छन्। स्ट्यान्डर्ड, एक्जिक्युटिभ, आर्बर सुइट, बगैंचा सुइट रहेको उनले बताए। ती सबै कोठाबाट हरियाली दृश्यको अनुभव लिन सकिन्छ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले बगैंचा रिसोर्ट एन्ड स्पामा भएको लगानीले पोखराको पर्यटन, रोजगारी र स्थानीय उत्पादनमा बहुआयामिक योगदान दिने विश्वास व्यक्त गरे।

अंशुवरा ग्रुपका अध्यक्षसमेत रहेका गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले बगैंचालाई व्यावसायिक सफलताको मात्र होइन, सामाजिक उत्तरदायित्व र वातावरणीय संरक्षणको दृष्टिकोणबाट अघि बढाएको उल्लेख गरे।

उनले पोखराको पर्यटनको दीर्घकालीन विकासका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र कोरला नाकाको प्रभावकारी सञ्चालन अपरिहार्य भएको बताए। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भारत, चीनलगायत देशमा सिधा उडानको सञ्जाल विस्तार गर्न संघीय सरकारले सघाउनुपर्ने अध्यक्ष थापाले बताए।

वीरगन्जमा कजारिया टायल्सको नयाँ सोरूम

वीरगन्ज, साउन १९ (नागरिक)- टायल कम्पनी कजारियाले पर्साको वीरगन्जमा नयाँ सोरूम उद्घाटन गरेको छ। जय श्रीराम ट्रेड एन्ड कन्सर्नद्वारा सञ्चालित यस सोरूमले उच्च गुणस्तरका टायलको बढ्दो माग पूरा गर्ने लक्ष्य राखेको छ।

उद्घाटन समारोहमा खानेपानी मन्त्री प्रदीप यादवले सोरुम उद्घाटन गरेका थिए।

मन्त्री यादवले नयाँ सोरूमको उद्घाटनप्रति आफ्नो उत्साह व्यक्त गर्दै भने, 'वीरगन्जमा कजारिया जस्तो प्रतिष्ठित ब्रान्डको उपस्थिति गर्वको विषय हो। यो सोरुमले हाम्रो क्षेत्रमा रहेका सम्भावना उजागर गर्ने र स्थानीय समुदायलाई गुणस्तरीय पूर्वाधार र डिजाइन अनि आवश्यकता पूरा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ।'

कजारिया रामेश टाइल्स लिमिटेडले नेपालकै सबैभन्दा ठूलो टायल उत्पादन प्लान्ट स्थापना गरेर नेपालको टायल उद्योगमा नयाँ कीर्तिमान स्थापित गरेको जनाएको छ।

नेप्से परिसूचकमा दोहोरो अंकको सुधार

काठमाडौं, साउन १९ (नागरिक)- नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको छ। नेप्से परिसूचक सोमबार १६.४६ अंकले बढेर २८७५.३६ को बिन्दुमा कायम भएको हो। यो ०.५७ प्रतिशतको सुधार हो।

सोमबार ३२५ कम्पनीको दुई करोड ७१ लाख ६९ हजार ७५५ कित्ता सेयर एक लाख ४९ हजार २७४ पटक खरिद बिक्री हुँदा १० अर्ब ८२ करोड २४ लाख ४९ हजार ४०२ रूपैयाँ बराबरको कारोबार भएको छ।

सोमबारको कारोबारमा बैंकिङ १.६६, जलविद्युत् ०.२५, लगानी ०.११, जीवन बिमा ०.५०, लघुवित्त ०.५०, म्युचुअल फन्ड ०.०८ र व्यापार २.८९ प्रतिशतले बढेको छ। विकास बैंक ०.०६, वित्त ०.८२, होटल तथा पर्यटन ०.३४, उत्पादन तथा प्रशोधन ०.१२, निर्जीवन बिमा ०.५१ र अन्य समूह ०.४५ प्रतिशतले घटेको छ।

थ्रिस्टार हाइड्रोपावर लिमिटेडको सेयर मूल्य सोमबार सबैभन्दा धेरै ६.८९ प्रतिशतले बढेको छ। ट्रेड टावर लिमिटेडको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित
जोशी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
Joshi Hydropower Development Company Limited
रजिष्टर्ड कार्यालय : नयाँ बानेश्वर, काठमाडौं
फोन : ०१४५६२८४४, इमेलः joshihydropwerds@gmail.com, वेभसाइटः www.jhdc.com.np
को
मिति २०८२/०३/०८ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर ०.६५ कित्ता शेयर (१:०.६५) को अनुपातमा मिति २०८२ साउन १५ गते देखि निष्काशन भैरहेको
हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद
२०८२ भदौ ०४ गते बैकिङ्ग समयसम्म
अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०३/२९ गतेको कारोबार राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.lscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट: www.jhdc.com.np मा हेर्नुहुन समेत अनुरोध गर्दछौं।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
L S CAPITAL
लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड
A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank.
नयाँ बानेश्वर, काठमाडौं। फोनः ५९७००६४
Email : info@lscapital.com.np,
Website : www.lscapital.com.np

बीमालेख हराएको सूचना
यस कम्पनीबाट विभिन्न मितिमा जारी गरिएका तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनी निवेदन परेकाले उक्त बीमालेख उपर कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबूत प्रमाण सहित हकदावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र उक्त बीमालेख सम्बन्धी कसैले हक दावी गर्न नआएमा निवेदकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सूचित गरिन्छ।
तपसिल

बीमालेख नं.	बीमितको नाम	बीमितको ठेगाना
२१६००२४४२	श्री हरि प्रसाद तिम्सिना	बेंगिसालगढी गा.पा. ६, डोटी
०५०००६९१८	श्री मेघा मगर	टोखा गा.वि.स वडा नं.९, काठमाडौं
०२१००००५३०	श्री प्रेम बहादुर राउत	इटहरी उप.म.न.पा.वडा नं.४, सुनसरी
०३५००६२३९	श्री बिरम लामा	बामाडी गा.वि., वडा नं. ९, रौतहट
०३५००९४२३	श्री मिनेन्द्र लामा	हेटौंडा उ.म.न.पा. वडा नं. २९, मकवानपुर
०५००२८३६०	श्री सबिता कार्की (पौडेल)	बन्दीपुर गा.वि.स वडा नं.२, तनहुं
०५००३६२३७	श्री भरत कुमार साह राई	राजपोइट - ९, तनहुं
०५००२३५७५	श्री मनी राम महतो	कर्मौडा गा.वि.स वडा नं.७, चितवन
०५००३४४२५	श्रीमती सुजता पोखेल (थिमरे)	पुतली बजार नगरपालीका वडा नं. ०७, स्याङ्जा
०५००३४४२९	श्री राम भक्त अधिकारी	लेखनाथ नगरपालीका वडा नं ३, काठमाडौं
०५००१५३०४	श्रीमती उमा रेग्मी	बालीङ नगरपालिका वडा नं. ८, स्याङ्जा
०५००३७०८८	श्रीमती निर्मला अधिकारी घिष्टि	बरभन्ज्याङ गा.वि.स वडा नं. ४, तनहुं
९२२०१२९९२	श्री आरुष उकजा सिंह साह	खडक गाउँ पालिका वडा नं. ११, सप्तरी
९१२०१२९९३	श्री आरुष उकजा सिंह साह	खडक गाउँ पालिका वडा नं. ११, सप्तरी
०४७०००१४३	श्री मिना घोटे	बलिङ्ग गा.वि.स. ६, गुल्मी
०७००२९९३२	श्री नगेन्द्र कुमार यादव	लालिकोडा - ६, दैलेख
०८४००४३६६	श्री निष्ठल नेग के.सी	इमक न.पा. ९, झापा
०५०००९९०१	श्री जिवन कुमार राई	पथरी गा.वि.स वा न. १, मोरङ
११२०१८२१५	श्री कुसु राम सापकोटा	बा.न.न.पा. ४, काठमाडौं
०३५०००१९९४	श्रीमती अनुपमा खतिवडा	हेटौंडा न.पा.वडा नं.४, मकवानपुर
०५००२३५४२	श्री कृष्ण प्रसाद पराजुली	ब्याङ्ली गा.वि.स.वडा नं ९, गोरखा
०५२००२७७६	श्री विष्णु थापा मगर	बेंदी गा.वि.स वडा नं. ९, तनहुं
०६०००१७०९	श्री शान्ति श्रेष्ठायता	शिखर गा.वि.स. ४, बाजुरा
०७००००६५८५	मनिस कुमार शाही	लेकान्त्र गा.वि.स. वडा नं. ०२, दैलेख
०८००००९७७	श्रीमती उषा कोइराला	चन्द्रगढि गा.वि.स.वडा नं.६, झापा
०८४००००४५५	सुश्री रुबी कुइथोकी	इमक न.पा.वडा नं.०, झापा
१००००००४६२	श्री जुन ओरन्वान	गा.वि.स. फर्सेगा वडा नं. ८, सप्तरी
२०४००४०००५	श्री धिरज कुमार साहु	राही गा.पा.वडा नं. २, सुनसरी
०१००५२४४९	श्री कमारी निरौला	कोटबरा गा.वि.स. ९, झापा
०१००८२६२६	श्री कमल सिलौला	राष्ट्रियन फाइनान्स कम्पनी लिमिटेड, बालिसार, काठमाडौं
०४३००८८०४	श्री सरस्वती थेम	गैडकोटा गा.पा. ३, रुपन्देही
०५६००७१९०	श्री निमल लामिछाने मगर	ठाटिकाँध गा.पा. २, दैलेख
०२००१५३१४	श्री श्याम लाल साहु	बर्तु गाउँपालिका वडा नं.२, कुनरी
०३००००६८१	श्री काजी लाक थोमरे	चुपुर गा.वि.स. ३, रौतहट
०३८००२०३६	श्री भुपाल थापा	पुर्वी भोगाभोली गा.वि.स.वडा नं.७, सिन्धुली
०५००००६०९	श्री रोशन बराल	शान्तिपुर गा.वि.स. ५, गुल्मी
०५१००१२८७	श्री विरेन्द्र गुरुङ	भरतपुर - २, चितवन
०७००००५४४	श्री अमृत थानिया	बेडबाडा गा.वि.स वडा नं.९, मुगु
०७००१७९९४	श्री विनान फडेल	नेपालगञ्ज उप महानगरपालिका वडा नं. ४, बाँके
०७००१७७४०	श्री धम प्रकाश फडेल	नेपालगञ्ज उप महानगरपालिका वडा नं. ४, बाँके
९३०००२६२५	श्री गिता फडेल	नौबिसे गा.वि. वडा नं.०, डोटी
०१००७९४७३	श्रीमती पुनिलाकुमारी जोन्छे (थिप्ठा)	विराटनगर न.पा.वडा नं. ५, मोरङ
०२००००४७७	सुश्री सुमिता नाराति	शनिश्चरे गा.वि.स.वा न.६, झापा
०१००७९४७४	श्रीमती पुनिलाकुमारी जोन्छे (थिप्ठा)	विराटनगर न.पा.वडा नं. ५, मोरङ

National Life
for a secure future....
लाजिम्पाट, काठमाडौं, फोनः ४५१७७२९
वेभः www.nationallife.com.np

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना
(प्रकाशित मिति २०८२ साल साउन महिना २० गते मंगलबार)
यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : गोलबजार शाखा — कर्जा शिर्षक : आवास कर्जा

ऋणीको विवरण
बनहु यादवको छोरी गुजाइ यादवको बुहारी राम नारायण यादवको पत्नी सिराहा जिल्ला बल्ही गा.वि.स. वडा नं. ६ हाल, सुखीपुर वडा नं. १० बस्ने **उमदा देवी यादव** (ना.प्र.नं. : ३१३ जारी मिति र जिल्ला : २०४३/०४/२०, पर्सा)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
१) बहुरी यादवको नाति गुजाइ यादवको छोरा सिराहा जिल्ला बल्ही वडा नं. ६ हाल, सुखीपुर न.पा. वडा नं. १० बस्ने **राम नारायण यादव** (ना.प्र.नं. : २०३१४० जारी मिति र जिल्ला : २०२७/०५/१४, सप्तरी)
२) चन्देश्वर यादवको छोरी देवनाथ यादवको बुहारी प्रविन कुमार यादवको पत्नी सिराहा अयोध्यानगर वडा नं. ८ हाल, धनगढीमाई न.पा. वडा नं. १२ बस्ने **शान्ति कुमारी यादव** (ना.प्र.नं. : १५३०४६/१६० जारी मिति र जिल्ला : २०६३/११/२८, सिराहा)
३) गुजाइ यादवको नाति राम नारायण यादवको छोरा सिराहा बल्ही वडा नं. ६ हाल, सुखीपुर न.पा. वडा नं. १० बस्ने **भरत कुमार यादव** (ना.प्र.नं. : ३५४८४ जारी मिति र जिल्ला : २०५८/०३/२६, सिराहा)

२) शाखा कार्यालय : घोराही शाखा — कर्जा शिर्षक : हायर पर्चेज कर्जा तथा फोर्स लोन

ऋणीको विवरण
नाम : **आर.डि. इन्टरप्राईजेज** प्रोप्राइटर : ऋषिराज पौडेल प्रा.फा.र.नं. : २१९८८/०६९/०७० दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय घोराही, दाङ दर्ता मिति : २०६९/११/११ ठेगाना : दाङ जिल्ला घोराही उप.न.पा. वडा नं. १७ स्थायी लेखा नं. : ३०५७२६३०८
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) विष्णु प्रसाद पौडेलको नाति नारायण प्रसाद पौडेलको छोरा दाङ जिल्ला त्रिभुवननगर न.पा. वडा नं. ४ हाल, घोराही उ.म.न.पा. वडा नं. १७ बस्ने **ऋषिराज पौडेल** (ना.प्र.नं. : २६१५/८८४ जारी मिति र जिल्ला : २०५५/०३/३२, दाङ)
२) वामदेव सुवेदीको छोरी नारायण प्रसाद पौडेलको बुहारी ऋषिराज पौडेलको पत्नी दाङ जिल्ला घोराही न.पा. वडा नं. ४ हाल, घोराही उ.म.न.पा. वडा नं. १७ बस्ने **दुर्गा पौडेल** (ना.प्र.नं. : ५२-०१-६९-०५४१८ जारी मिति र जिल्ला : २०६१/११/०३, दाङ)

३) शाखा कार्यालय : भैसेपाटि शाखा — कर्जा शिर्षक : लघुउद्यम कर्जा

ऋणीको विवरण
मान सिंङ लामाको नाति मान बहादुर लामाको छोरा नुवाकोट जिल्ला ककनी वडा नं. २ हाल, ककनी गा.पा. वडा नं. ४ बस्ने **रमेश लामा** (ना.प्र.नं. : ७६४१५ जारी मिति र जिल्ला : २०५९/०१/१८, नुवाकोट)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) बुद्धिमान तामाङको छोरी मान बहादुर लामाको बुहारी रमेश लामाको पत्नी नुवाकोट जिल्ला ककनी वडा नं. २ हाल, ककनी गा.पा. वडा नं. ४ बस्ने **सरिता लामा** (ना.प्र.नं. : २५१०५९/५५५ जारी मिति र जिल्ला : २०६८/०१/०८, नुवाकोट)
२) मान सिंङ तामाङको नाति लाल बहादुर तामाङको छोरा नुवाकोट जिल्ला ककनी वडा नं. २ हाल, ककनी गा.पा. वडा नं. ४ बस्ने **सकत बहादुर तामाङ** (ना.प्र.नं. : २५१२८४/८६६ जारी मिति र जिल्ला : २०४६/१२/१९, नुवाकोट)
३) मान बहादुर तामाङको नाति शुक्र बहादुर तामाङको छोरा नुवाकोट जिल्ला ककनी वडा नं. ४ हाल, ककनी गा.पा. वडा नं. ४ बस्ने **विवश तामाङ** (ना.प्र.नं. : २५-०१-७४-०७५०३ जारी मिति र जिल्ला : २०७४/११/०९, नुवाकोट)

४) शाखा कार्यालय : सिद्धिचरण शाखा — कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा

ऋणीको विवरण
आसा बहादुर राईको नाति रस बहादुर राईको छोरा ओखलढुंगा जिल्ला रातमाटे गा.वि.स. वडा नं. ७ हाल, चिसंखुगढि गा.पा. वडा नं. ४ बस्ने **राज बहादुर राई** (ना.प्र.नं. : १३-०१-७१-००८०५ जारी मिति र जिल्ला : २०७१/०३/०३, ओखलढुंगा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) आसा बहादुर राईको नाति रस बहादुर राईको छोरा ओखलढुंगा जिल्ला रातमाटे वडा नं. ७ हाल, चिसंखुगढि गा.पा. वडा नं. ४ बस्ने **मुगा धन राई** (ना.प्र.नं. : १२८१ जारी मिति र जिल्ला : २०५१/०९/११, ओखलढुंगा)
२) मंगल बहादुर राईको नाति निशान कुमार राईको छोरा ओखलढुंगा जिल्ला रातमाटे वडा नं. ७ हाल, चिसंखुगढि गा.पा. वडा नं. ४ बस्ने **सुक राज राई** (ना.प्र.नं. : १३१००५/९५ जारी मिति र जिल्ला : २०६६/०३/२४, ओखलढुंगा)

५) शाखा कार्यालय : सराई शाखा — कर्जा शिर्षक : आवास कर्जा

ऋणीको विवरण
खेमे कुमालको नाति ऋषिराम कुमालको छोरा पाल्पा जिल्ला रुप्से वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं. २ बस्ने **राम बहादुर कुमाल** (ना.प्र.नं.: ३९१०५७/२४६ जारी मिति र जिल्ला : २०६७/०५/१४, पाल्पा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) झगरे कुमालको नाति खेमे कुमालको छोरा पाल्पा जिल्ला रुप्से वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं. २ बस्ने **ऋषिराम कुमाल** (ना.प्र.नं.: ३९१०५७/२४५ जारी मिति र जिल्ला : २०६७/०५/१४, पाल्पा)
२) नर विर खण्डलुकको छोरी ऋषिराम कुमालको बुहारी राम बहादुर कुमालको पत्नी पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं. २ बस्ने **गोमी सरा कुमाल** (ना.प्र.नं.: ३९-०१-७५-०५४८० जारी मिति र जिल्ला : २०७५/०९/०२, पाल्पा)
३) डम्मर बहादुर कुमालको नाति वाम देव कुमालको छोरा पाल्पा जिल्ला रुप्से वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं. २ बस्ने **पुर्षोत्तम कुमाल** (ना.प्र.नं. : ५१९३६ जारी मिति र जिल्ला : २०५२/१०/२२, पाल्पा)
४) हरि बहादुर पौडेलको नाति किशोर कुमार शर्मा पौडेलको छोरा पाल्पा जिल्ला मदनपोखरा वडा नं.७ हाल, माथागढी गा.पा. वडा नं. २ बस्ने **भरत राज पौडेल** (ना.प्र.नं.: ७/३४१४३ जारी मिति र जिल्ला : २०४७/०६/०९, पाल्पा)

"नेपाल राष्ट्र बैकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ